**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**

**मकवानपुर । ०७७ वैशाख २२ गते**

देशभर हालसम्म ७५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएकोमा यस प्रदेशमा सात जना रहेका छन् । मकवानपुरको भिमफेदी गाउँपालिकामा वैशाख २२ गते एक जनामा आरडीटी पोजेटिभ देखिएको छ । यस प्रदेशले प्रदेशको नाका प्रवेश गर्ने सवारीहरुलाई सेनिटाइज गर्ने कार्य थालेको छ । प्रदेशको राजधानी मकवानपुरको हेटौंडा-१५ रातोमाटेमा प्रदेश २ बाट प्रवेश गर्ने नाकामा सेल्फसेन्सरसहितको सेनिटाइजिङ टनेल वैशाख २२ गतेबाट सुरु गरिएको हो । प्रदेश सरकारले २ लाख ७० हजार रुपियाँ लागतमा निर्माण गरेको सेनिटाइजिङ टनेल वैशाख २२ गते प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले उद्घाटन गर्नुभयो ।

प्रदेश सरकारले लकडाउनको बाबजुत नियमित कार्यलाई नरोक्ने भन्दै अधिवेशनको तयारी थालेको छ । प्रदेशले अधिवेशनका बैठकहरु प्रदेश सभा हलमा नै गर्ने तयारी गरेको छ । वैशाख २२ गते प्रदेश सभाका सभामुख  सानुकुमार श्रेष्ठको अध्यक्षतामा भिडियो कन्फ्रेन्स मार्फत बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकले अब सुरु हुने बजेट अधिवेशनको विषयमा छलफल गरेको छ ।

कारोनाको कारण सरकारले लकडाउन गरिरहेको समयमा सामाजिक दुरी कायम गरी आवश्यक सुरक्षाको मापदण्ड पुर्‍याएर मात्रै प्रदेश सभाहलमा सासंदहरुलाई प्रवेश गराई बैठक सञ्चालन गर्ने तयारी भएको सभामुख सानुकुमार श्रेष्ठले बैठकमा सांसदहरुलाई बताउनु भएको थियो ।

सङ्घीय संसदमा समेत बजेट अधिवेशन आव्हान भएसँगै प्रदेशमा पनि प्रदेश सरकारबाट अधिवेशन आव्हान भएको अवस्थामा बैठकलाई सुरक्षित रुपमा सञ्चालन गर्नका लागि अपनाउन सकिने विधि र प्रक्रियाका विषयमा बैठकमा छलफल भएको थियो ।

कम तौल भएको चामल बिक्री गरेको र अनुगमन टोलीकै अगाडी प्रमाण नष्ट गर्ने प्रयास गरेको हेटौँडाको मणी खाद्यान्न स्टोरलाई घरेलु कार्यालय मकवानपुरले २ लाख ५० हजार रुपियाँ जरिवाना गरेको छ ।

चीनसँगको तातो पानी नाकाबाट स्वास्थ्य मात्र ल्याउन गरिएको सहमती उल्लङ्घन गर्दै अन्य सामग्री पनि ल्याएकोमा सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाउँपालिकाका स्थानीयवासीहरूले विरोध जनाएका छन् । स्याउ र लसुन लिएर आएको पाँच ओटा कन्टेनरलाई रोक्न वैशाख २१ गते स्थानियहरूले माग गरेपछि कन्टेनर भ्यान तातोपानी स्थित क्वाराण्टाइनमा राखिएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार धादिङमा अत्यावश्यक सामानहरू लामो समयका लागि पुग्नेगरी भण्डारण गरिएको छ । धादिङ उद्योग वाणिज्य सङ्घले सर्वेक्षण गरेपछि यस्तो जानकारी दिएको हो । चामल १९ हजार५ सय ३५ बोरा, दाल १ हजार ९सय १९ बोरा, चिनि २ हजार ९ सय ८७ बोरा, चिउरा ३ हजार ५ सय २ बोरा गेडागुडी १ हजार ७ सय ४८ बोरा र ग्यास ७सय ८२ सिलिण्डर हाल बजारमा मौज्दात रहेको धादिङ उद्योग वाणिज्य संघका अध्यक्ष रुद्रबहादुर खत्रीले बताउनु भयो।

धादिङ जिल्लाका ४८ उद्योग व्यवासयबाट ९१ जना जिल्ला भित्रका मजदुर र  जिल्ला बाहिरका १ सय २ जना मजदुरले कोरोना भाइरस (कोभिड १९) का कारण रोजगार गुमाउन पुगेका छन् । धादिङ जिल्लामा ६ हजार १ सय ७० जना अनौपचारिक क्षेत्रका मजदुरहरू रहेका छन् ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार यहाँ  वैशाख २२ गतेसम्म ४ सय जना सर्वसाधारणको आरडीटी प्रविधिबाट कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय दोलखाका अनुसार वैशाख ३ गते देखी २१ सम्म ३ सय ९३ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । उनीहरू सबैमा कोरोना भाइरसको सङ्क्रमण नभएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभु कुमार झाले जानकारी दिनुभयो ।

कोरोना भाईरस रोकथाम र नियन्त्रणका लागि सरकारले गरेको लकडाउनकै बिच दोलखाका स्थानीय सरकारहरूले भने विकास निर्माणका गतिविधिसँगै आगामी आर्थिक बर्षका लागि योजना तर्जुमा प्रक्रिया सुरु गरेका छन् । दोलखा जिल्लामा कोरोना सङ्क्रमितहरू फेला नपरेको हुँदा आवश्यक दुरी कायम

गरी उच्च सर्तकताका साथ गाउँपालिकाहरूले नियमित सेवा प्रदान गर्दै आगामी आर्थिक वर्ष २०७७/७८ का लागि योजना तर्जुमा प्रक्रिया सुरु गरेका हुन् । दोलखाको शैलुङ गाउँपालिकाको वैशाख २१ गते सात चरणमा हुने योजना तर्जुमा प्रक्रियाको तालिका सार्वजनिक गरको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धितालका** अनुसार कोरोना भाइरसको सङ्क्रमण चीनबाट नेपाल प्रवेश गर्ने डरले तातोपानी नाका हुदै स्याउ र लसुन लिएर आएको पाँच ओटा कन्टेनरलाई रोक्न भोटेकोशी गाउँपालिकाका स्थानियहरूले माग गरेका छन् ।
तातोपानी नाकाबाट स्वास्थ्य सामग्री मात्र ल्याउन गरिएको सहमती उल्लङ्घन भएको भन्दै तातोपानी बजारका स्थानियले बिरोध गरेको भोटेकोशी गाउँपालिका अध्यक्ष राजकुमार पौड्यालले बताउनु भयो । चिनबाट खाद्य सामान लिएर तातोपानी नाका हुदै पाँच कन्टेनर वैशाख २१ गते नेपाल प्रवेश गरेको थियो । स्थानियको बिरोधपछि सो कन्टेनर भ्यान तातोपानी स्थित क्वाराण्टाइनमा राखिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेले बताउनु भयो ।
विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) कहरको बिषम परिस्थितीमा रगतको अभाव भएको भन्दै मानव रक्षाको लागि नेपाल रेडक्रस सोसाइटी चौतारा उपशाखाले ०७७ वैशाख २२ गते रक्तदान कार्यक्रमको आयोजना गरेको छ । उक्त रक्तदान कार्यक्रममा ४८ जनाले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी चौतारा उपशाखा सभापती चन्द्र सापकोटाले बताउनु भयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङका** अनुसार लकडाउनपछि काभ्रे जिल्लामा १३ हजारभन्दा बढी घर परिवारलाई राहत सामग्री उपलब्ध गराइएको छ ।
जिल्ला कमाण्ड पोष्टले दिएको जानकारी अनुसार न्यून आय र दैनिक ज्याला मजदुरी गर्ने १३ हजार ५७ परिवारलाई राहत उपलब्ध गराइएको हो । जिल्लाका १३ ओटै स्थानीय तहले राहत वितरण गरिरहेको स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख एवम् कमाण्ड पोष्टका सदस्य सचिव डाक्टर नरेन्द्र कुमार झाले बताउनुभयो ।
बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्थाले काभ्रेका पत्रकारहरूका लागि आर्थिक सहयोग गरेको छ । कोभिड १९ कोरोना भाईरस विरुद्द सुचना तथा सन्देश प्रवाह गर्ने पत्रकारहरूलाई संस्थाको तर्फबाट अध्यक्ष प्रदिप थापालले नेपाल पत्रकार महासङ्घ काभ्रे शाखालाई ३० हजार रुपियाँ हस्तान्तरण गरेको महासङ्घका अध्यक्ष मोतीराम तिमल्सीनाले बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डेका** अनुसार लैंगिक हिंसा पीडित महिलाहरूका लागि राहत वितरण गरिएको छ । कमलामाई नगरपालिका, सिन्धुली अस्पतालमा रहेको एकद्धार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसि), महिला सुरक्षा आवासको समन्वयमा स्टोरीज अफ नेपालको आर्थिक सहयोगमा हिंसा पीडित महिलालाई राहत वितरण गरिएको हो । सोमबार कमलामाई नगरपालिकाका आठ जना र दुधौली नगरपालिका दुई जना हिंसा पीडित महिलालाई खाद्यान्न राहत वितरण गरिएको हो ।
कमलामाई नगरपालिकाका उपमेयर मञ्जु देवकोटाले हिँसा पीडित महिलालाई प्रतिव्यक्ति पाँच हजार बराबरको राहत प्याकेज वितरण गरिएको बताउनु भयो ।
हालसम्म दुधौली नगरपालिकाले लकडाउनका कारण खाद्य सङ्कटमा परेका १ हजार ३ सय ७५ जनालाई खाद्यान्न राहत वितरण गरेको छ । दुधौली नगरपालिका-९ मा ६ सय ९३, वडा-१० मा ३ सय ६८ र वडा-५ मा ३ सय १४ जनालाई राहत वितरण गरिएको दुधौली नगरपालिकाले जनाएको छ ।
कमलामाई नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयहरूले भौतिक दुरी कायम गरी पाठ्यपुस्तकहरू वितरण गर्न सुरु गरेका छन् ।

**इन्सेक चितवनजिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारीका** अनुसारभरतपुर अस्पतालबाट वैशाख २२ गते १४ ओटा नमूना सङ्कलन गरी कोरोना परीक्षणका लागि पठाइएको छ । त्यस्तै कोरोना सङ्क्रमण

पीसीआरमा समेत पोजेटिभ देखिएकी राप्ती नगरपालिकाकी महिलाको वैशाख २० गते पुन स्वाब परीक्षणका लागि पठाइएकोमा चौथो पटक पनि पोजेटिभ देखिएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लामा हालसम्म देशबाहिरबाट अएकाहरूको कोरोना परीक्षण गरिएको छ ।
हालसम्म रामेछापमा १ सय ८६ जनाको र्‍यापीड टेष्ट (आरडीटी) बिधिबाट कोभिड १९ को परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनु भयो ।
जिल्लाबाट हालसम्म चार जना शङ्काष्पद बिरामीको काठमाडौँ पठाई स्वाबपरीक्षण गरिएकोमा उनीहरूको पनि रिपोर्ट नेगेटिभ आएको छ ।
जिल्लामा सबै स्थानीय तहहरूका विद्यालयहरूले कक्षा १ देखि ९ कक्षासम्मको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित गरेका छन् । तर विद्यार्थीहरूको भर्ना र पढाई कसरी सञ्चालन गर्ने भन्ने अन्यौलता कायम नै छ ।

**इन्सेक मकवानपुरजिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसारप्रदेश २ बाट बागमती प्रदेश प्रवेश गर्ने सवारीसाधनलाई स्यानिटाइज गर्न बागमती प्रदेश सरकारले पूर्वपश्चिम राजमार्गको रातोमाटेमा स्यानिटाइजिङ टनेल सञ्चालनमा ल्याएको छ ।
हेटौंडा-१५रातोमाटेमा स्थापना गरिएको सेल्फसेन्सरसहितको स्यानिटाइजिङ टनेल वैशाख २२ गतेबाट सुरु गरिएको हो ।
जिल्लामा एक जनामा आरडीटी परीक्षणमा कोरोनाभाइरस (कोभिड-१९) सङ्क्रमण पोजेटिभ देखिएको छ । भीमफेदी गाउँपालिकामा एक पुरुषमा वैशाख २२ गते गरिएको आरडीटी परीक्षणमा एन्टीबडी पोजेटिभ देखिएको हो ।उहाँको नमुना सङ्कलन गरी पीसीआर परीक्षणको लागि किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र  हेटौंडामा ल्याइएको जिल्ला जनस्वास्थ कार्यालयका प्रमुख प्रणय उपाध्यायले जानकारी दिनुभयो ।
प्राथमिक स्वास्थ्य केन्द्र भीमफेदीले वैशाख २२ गते दुई जनाको आरडीटी परीक्षण गरिएको थियो ।
जिल्ला समन्वय समिति मकवानपुरले थाहा नगरपालिकालाई राहत सामग्री उपलब्ध गराएको छ । जिससले थाहा नगरपालिकालाई १ हजार २ सय ५० केजी चामल, ७५ केजी दाल, १ सय प्याकेट नुन र १ सय आठ पिस साबुन सहयोग गरेको हो ।
लकडाउनका कारण दैनिक ज्यालादारी गर्ने तथा लकडाउनका कारण प्रभावित नागरिकलाई वितरण गर्न अन्य स्थानीय तहलाई जस्तै जिससलाई प्राप्त राहत सामग्रीबाट थाहा नगरपालिकालाई प्रदान गरिएको जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालले जानकारी दिनुभयो ।
जिससलाई उद्योग परिसङ्घ बागमती प्रदेश र उद्योग सङ्घ मकवानपुरले राहत उपलब्ध गराएको थियो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउन उल्लङ्घन गरेको आरोपमा वैशाख २२ गते ६९ जनालाई महानगरीय प्रहरी कार्यालयले कार्वाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।
कोभिड-१९को शङ्कामा वैशाख २२ गते एक जना बिरामीलाई भर्ना गरी उपचार गरिएको र वैशाख २१ गते भर्ना भएका दुई जनालाई डिस्चार्ज गरिएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
कोन्ज्योसोम गाउँपालिकाले १ हजार ८ सय ७५ परिवारलाई राहत सामग्री वितरण गरेको गाउँपालिकाका अध्यक्ष गोपिलाल सिंतानले जानकारी दिनुभयो ।
ललितपुर महानगरपालिकाले दैनिकरुपमा खानाको व्यवस्था नभएकाहरूलाई सामूहिक खाना खुवाउने व्यवस्था गर्दै आएको छ भने नेपाल कपडा तथा सिलाई व्यवसायी सङ्घ, ललितपुरले ३० सेट खाद्यान्न राहत वितरण गरेको महानगरका सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।

महाँकाल गाउँपालिकामा क्वारेण्टाइन बनाउनका लागि नेपाल रेडक्रस सोसाइटी ललितपुर शाखाले २ ओटा टेन्ट, ३० ओटा ब्लाङ्केट र २ ओटा स्टेचर सहयोग गरेको सभापति बाबुराजा महर्जनले जानकारी दिनुभयो ।

गाउँपालिकालाई राहत कोषका लागि नेपाली कांग्रेसका नेताहरू उदयसम्सेर राणा, मिनकृष्ण महर्जन र ऋषिराम घिमिरेले ५१ हजार रुपियाँ, महाँकाल-३ का वडा सदस्य सुशीलचन्द्र घिमिरेले ५० हजार रुपियाँ सहयोग गरेको गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले जानकारी दिनुभयो ।

लकडाउनको समयमा जिल्लाको सदरमुकाममा सवारी र मानिसको आवागमनको चाप कम देखिए पनि भित्री सडकहरूमा धेरै मानिस हिँडडुल गरेको पाइएको ललितपुर बारएशोसिएसनका अध्यक्ष एवम् मानव अधिकार अवस्थाको अनुगमन समिति संयोजक अर्जुन महर्जनले जानकारी दिनु भयो । अनुगमनमा मानव अधिकारको अवस्था सामान्य रहेको पाइएको संयोजक महर्जनले बताउनु भयो ।

**इन्सेक काठमाडौजिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार विश्वव्यापी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसका सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको छ ।

वैशाख २२ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डाक्टर विकास देवकोटाले नेपालमा सङ्क्रमितको सङ्ख्या ७५ पुगेको जानकारी दिनुभयो । उहाँले लकडाउनको पूर्ण पालना गर्न सबैलाई पुनः आग्रह गर्नुभयो । सङ्क्रमित भएका मध्ये पुरुष ५८ र महिला १७ रहेको जानकारी दिनुभयो ।

कोरोनाभाइरसबाट बच्न ठाउँठाउँमा मानव शरीरलाई नै डिसइन्फेक्सन गर्न थालिएको तर विशेषज्ञहरूले यसरी शरीरलाई नै डिसइन्फेक्ट गर्दा यसले स्वास्थ्यमा विभिन्न समस्या देखा पर्ने डाक्टर देबकोटाले बताउनुभएको छ ।यसरी डिसइन्फेक्सन शरिरमा छर्दा भाइरस नमार्ने बरू स्वास्थ्यमा समस्या ल्याउने भन्दै यो कार्य तत्काल बन्द गर्न आग्रह उहाँले आग्रह गर्नुभएको छ । यसरी स्प्रे गर्दा एलर्जी, आँखा र श्वासप्रश्वासमै समस्या सिर्जना हुनेछ । डा.देबकोटाका अनुसार कोरना भाइरस शरिर भित्र प्रवेश गरिसकेपछि यस्ता अलकोहल तथा क्लोरिन जस्ता डिजइन्फेक्सहरू लगाउदा वा छर्दा नाश नहुने बरु यसबाट स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ । यस्ता डिजइन्फेक्सन झोलहरूले भुई तथा जमिनका सतहहरूलाई भने निसङ्क्रमण गर्न सकिनेछ ।

वैशाख २२ गते सिंहदरबारमा बसेको समिति बैठकमा लकडाउनको मोडालिटीबारे छलफल भएको छ । ‘बैठकले वैशाख २३ गते समितिमा खाका पेश गर्न मन्त्रालयलाई भनिएको छ । सोही सुझावको आधारमा मन्त्रिपरिषद् बैठकमा पेश गरिनेछ ।

यस्तै कोरनाको सङ्क्रमणको अवस्था र सुरक्षा सतर्कता हेरी अन्य जिल्लाहरूमा भने ‘लकडाउन खुकुलो बनाउने तयारी छ । ठाउँको अवस्था हेरी ग्रीन जोन, रेड जोन, एल्लो जोन गरी छुट्याइने छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख २२ गते सात जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेन (प्याब्सन) सूर्यविनायक नगरसमितिले सूर्यविनायक नगरपालिका कार्यालयमा पुगेर कोरोना कोषमा ३ लाख ५ हजार रुपियाँ सहयोग गरेको छ ।

कोरोना भाइरस सङ्क्रमणको जोखिम न्युनीकरणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण यसवर्षको बुद्धजयन्ती र चण्डेश्वरीको जात्रा औपचारिकतामा सीमित गर्ने निर्णय गरेको छ ।

चाँगुनारायण नगरपालिकामा रहेको इन्जिनियरिङ कलेज (नेक) दुवाकोटको आफ्ना विद्यार्थीलाई राहत वितरण गरेको छ । लकडाउनसँगै समस्यामा परेका कलेज आसपासको चाँगुनारायण नगरपालिका-१, २, ३ र ४ वडाहरूमा डेरा गरी बस्ने ५५ जना विद्यार्थीलाई खाद्यान्नलगायतका राहत सामग्री वितरण गरिएको कलेजका प्राचार्य प्रा.डा हरिकृष्ण श्रेष्ठले बताउनु भयो । स्नातक तहको इन्जिनियरिङ अध्ययनरत विद्यार्थीलाई दुई महिनासम्म पुग्ने खाद्य सामग्री राहतस्वरुप हस्तान्तरण गरिको हो ।

कोभिड-१९ को सङ्क्रमण रोक्न सरकारले बन्दाबन्दी (लकडाउन) लगाएपनि भक्तपुरका चारओटा नगरपालिकाका बासिन्दालाई भने खेतमा पाकेको बाली भित्र्याउन र खेती लगाउने चटारो परेको छ ।

जिल्लाको चारओटै नगरपालिकाको शहरी क्षेत्रमा भन्दा पनि काँठ क्षेत्रका किसानलाई यतिखेर खेतमा तयारी भएका बाली भित्र्याउन र नयाँ बाली लगाउने चटारो परेको हो । सरकारले पनि लकडाउनमा कृषिकर्मलाई निरन्तरता दिन आग्रह गरेको छ। चाँगुनारायण नगरपालिका ९ ताथलीकी सुमित्रा कार्कीले बन्दाबन्दीले गाएँघरका किसानलाई काम गर्न नरोकेको बताउनुभयो । उहाँले भन्नुभयो-“कामदार नपाएर समस्यामा परेका छौ, आलू खन्ने मान्छे पनि पाईएन, गहुँ काट्ने मान्छे पनि पाईएन, बाहिरबाट ज्यामीहरू नआएपछि निकै समस्या परेको छ ।”

**इन्सेक नुवाकोटजिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसारसूर्यगढी गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता घरघरमा पुगेर वितरण गरेको छ ।
गाउँपालिकालेहालसम्म ९ सय ५० जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको गाउँपालिकाका अध्यक्ष सन्तबहादुर तामाङले जानकारी दिनुभयो । बागमती प्रदेश सदस्य बद्री मैनालीले लिखु गाउँपालिकालाई स्वास्थ्य सामग्री प्रदान गर्नु भएको छ । प्रदेश सदस्य मैनालीले पीपीई, मास्कलगायत सामग्री प्रदान गर्नु भएको गाउँपालिका उपाध्यक्ष रोजिना राईले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसारनौकुण्ड गाउँपालिकामा दोस्रो चरणको राहत नपाएकोले समस्य भएको असङ्गठित श्रमिक तथा असहाय समस्यामा परेको छन् ।
गाउँपालिका-५ मा भने ३६ परिवारलाई राहत वितरण गरिएको वडा अध्यक्ष घोण्टे ग्यामदानले बताउनुभयो । कालिका गाउँपाले वडा-१ मा बाहेकअन्य वडामा राहत वितरण नभएको गुनासो छ। जिल्लामा अन्य गाउँपालिकामा पनि दोस्रो चरणको राहत वितरण गरिएको छैन ।
गोसाईकुण्ड गाउँपालिका-५ मा रहेका दिर्घारोगीहरूलाई गाउँपालिकाअध्यक्ष कैसाङनुर्पु तामाङ र वडा-६ अध्यक्ष सिङ्गीले घरघरमा गई निःशुल्क औषधि वितरण वैशाख २२ गतेबाट सुरुगरिएको छ । उत्तरगया गाउँपालिका-५ खाल्टे क्याममा क्याम्पका स्थानीय छेकु लामाका अनुसार यहाँका १ हजार ५८ परिवारले दास्रो चरणको राहत नपाएको गुनासो गरेका छन् ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौँडा**